# अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

प.सं.(Reference No: ०८१।८२

च.नं.(Dispatch No):-

मितिः२०८१।१०।१९

**प्रेस विज्ञप्ती**

मिति २०८१।१०।१८ गते यस अर्जुनचौपारी गाउँपालिकाको ३९औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकाबासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** अर्जुनचौपारी गाउँपालिकाले मिति २०८१/०९/२१ देखि २०८१/१०/१० गते सम्म आमा समूहहरुका लागि मादल बजाउने तालिम सञ्चालन गरिएकोमा उक्त तालिममा पालिका भित्रका आमा समुहहरुको उल्लेखनिय सहभागिता भएको साथै लोप हुन लागेको कला संस्कृतिको समेत जगेर्ना हुने भएकाले आगामी वर्षहरुमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकाको मिति २०८१/०९/०९ को स्तरवृद्धि सूचना ०१ बमोजिम निर्धारित समयमा रीतपूर्वक दर्ता भएका निवेदनमध्ये गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन), २०७१ को दफा २७ बमोजिम यस कार्यालयको मिति २०८१/०९/२९ गतेको निर्णयानुसार मिति २०८१/१०/०१ गतेदेखि लागू हुनेगरि तपसिलका कर्मचारीहरूको तह वृद्धि गरिएको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.सं. | नाम, थर | साविकको सेवा, समूह, तह, पद | हालको सेवा, समूह, तह, पद |
|---|---|---|---|
| १. | श्री विष्णु प्रसाद अर्याल | स्थानीय प्रशासन, लेखा, पाँचौ, वरिष्ठ लेखा सहायक | स्थानीय प्रशासन, लेखा, छैटौ, सहायक लेखा अधिकृत |
| २. | श्री सुसिल काफ्ले | स्थानीय प्रशासन, पाँचौ, वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, छैटौ, सहायक प्रशासकीय अधिकृत |
| ३. | श्री गणेश ढकाल | स्थानीय प्रशासन, पाँचौ, वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, छैटौ, सहायक प्रशासकीय अधिकृत |
| ४. | श्री लक्ष्मी बस्याल | स्थानीय प्रशासन, पाँचौ, वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, छैटौ, सहायक प्रशासकीय अधिकृत |
| ५. | श्री अस्मिता रेग्मी | स्थानीय प्रशासन, पाँचौ, वरिष्ठ आ.ले.प.सहायक | स्थानीय प्रशासन, छैटौ, सहायक आ.ले.प.अधिकृत |
| ६. | श्री सुस्मिता भुसाल | स्थानीय प्रशासन, पाँचौ, वरिष्ठ प्रशासन सहायक | स्थानीय प्रशासन, छैटौ, सहायक प्रशासकीय अधिकृत |

धन बहादुर गुरुङ

प्रमुख प्रशासकीय अधिकृत

*" साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी "*

9856053133 arjunchauparimun.gov.np arjunchaupari11@gmail.com

CamScanner

निर्णय नं. ३ मिति २०८१/१०/०२ देखि २०८१/१०/१६ गतेसम्म सञ्चालन गरिएको समुदाय स्तरमा नागरिकता तथा घटना दर्ता लगायतका सरकारी कागजातको समस्या पहिचान, सहजीकरण तथा समाधान कार्यक्रम एवं एकीकृत शिविरमा गाउँपालिकाभित्रका सम्पूर्ण वडाबाट प्राप्त भएका समस्याहरु अभिलेखीकरण गरी समाधान हुन सक्ने प्रकृतिका समस्या पालिकाबाट नै समाधान गर्ने र पालिकाबाट समाधान गर्न नसकिने प्रकृतिका समस्याहरुलाई गाउँपालिकाले आफ्नै पहलमा सेवाग्राहीहरूलाई सम्बन्धित निकायमा पठाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४ अर्जुनचौपारी गाउँपालिका– १, जलवराह धार्मिक वन परिसरमा नेपालकै पहिलो नवग्रह मन्दिरको वैदिक विधिअनुसार सुसम्पन्न हुने नवग्रह धार्मिक अनुष्ठान, गीता ज्ञान तथा धार्मिक महोत्सव कार्यक्रममा जनप्रतिनिधि, कर्मचारीहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने साथै अनुष्ठान कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न पालिका भित्रका सम्पूर्ण सरकारी कार्यालय, शैक्षिक संस्था र सार्वजनिक संस्थानहरुलाई मिति २०८१ फागुन ६ गतेका दिन सार्वजनिक बिदा दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५ चालु आर्थिक वर्ष २०८१/०८२ का लागि गाउँपालिकाले विनियोजन गरेको पोषण सम्बन्धी कार्यक्रम छनौट गर्दा न्यून श्रोतमा अधिकतम उपलब्ध हासिल हुने खालका कार्यक्रम छनौट गरी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ६ अर्जुनचौपारी गाउँपालिका भित्रका नागरिकहरुलाई गुणस्तरयुक्त खानेपानीको पहुँच पुर्‍याउन अर्जुनचौपारी गाउँपालिकाको खानेपानी गुणस्तर अनुगमन कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७ अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएकोमा केही वडाहरूमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरूलाई वर्गीकरणको लागि सम्बन्धित निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ
प्रवक्ता


धन बहादुर गुरुङ
प्रवक्ता




CamScanner